का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ असार २०८०,
शनिबार
1 July 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १५६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# किसानलाई गिज्याउँदै धान दिवस

उपत्यकाका जग्गाहरु घरैघरले भरिँदा खेती घट्दै गइरहेको छ। एकदिन किसानलाई गिज्याउने खालको धानदिवस मनाउनु भन्दा मल बिउ, सिँचाइ, जनशक्तिको पर्याप्तता दिलाउनेतर्फ अग्रसर हुन सरकारलाई कृषकको सुझाव छ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ असार ।

पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओलीले शुक्रबार धान रोप्दै गरेको तस्बिरले सामाजिक सञ्जालमा निकै चर्चा पायो । सेतो पहिरन लगाएर खेतमा पुगेका ओलीले हिलो नलागोस् भनेर बुटजुत्ता माथिसम्म लगाएका थिए भने उनलाई पछाडिबाट सुरक्षाकर्मीले सहारा दिएर समातिरहेका थिए । हातमा गोडामा हिलो लाग्ला जसरी धान दिवस मनाउन पुगेका ओलीको तस्बिरलाई लिएर सामाजिक सञ्जालमा आलोचना पनि भएको छ ।

ओली त प्रतिनिधि पात्र मात्रै हुन्, धान दिवस मनाउने नाममा पछिल्ला दिनमा सहरमा विकृति फैलन थालेको छ । कृषिमन्त्रीहरु कोठाभित्र गमलामा धान रोपेर धान दिवस मनाउँदै आएका छन् भने सहरमा बस्नेहरु हिलोमै लडीबुडी गरेर हिले उत्सव मनाईरहेका छन् । पछिल्ला दिनमाा असार १५ का दिनमा हिलो छ्यापाछ्याप गर्ने, चाहना होस् या नहोस् जबरजस्ती हिलोमा पछार्ने, उच्छृङ्खल कामहरु गर्ने, विभिन्न अपशब्द बोलेर गीत गाउने र मादक पदार्थ सेवन गर्ने जस्ता कार्यहरु बढ्दै गएका छन् ।

जसले महिनौंदेखि मल, काम गर्ने मान्छे नपाएर खेत रोप्न गाह्रो भएका किसानहरुलाई गिज्याएको सन्देश दिईरहेको छ । अझ पछिल्ला दिनमा उपत्यकाका जग्गाहरुमा घरैघरले भरिदाँ भएको खेती पनि घट्दै गईरहेको छ । एकदिन किसानलाई गिज्याउने खालको धानदिवस मनाउँनु भन्दा मलबिउ, सिचाइँ, जनशक्तिको पर्याप्तता दिलाउनेतर्फ अग्रसर हुन सरकारलाई कृषकको सुझाव छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्री डा.वेदुराम भुसाल सरकारले कृषिलाई प्राथमिकता दिएको बताउँछन् । तर, किसानलाई रासायनिक मल समेत उपलब्ध गराउन नसकिएको उनको स्वीकारोक्ति छ ।

शुक्रवार राष्ट्रिय धान दिवसको अवसरमा नेपाल कृषि अनुसन्धान परिषद नार्कस्थित राष्ट्रिय बाली विकास केन्द्रको परिसर खुमलटारमा आयोजित रोपाईं महोत्सवमा सहभागी भएका मन्त्री भुसालले सरकारसँग ७८ हजार मेट्रिक टन मल मौज्दात रहेको बताए ।

उनले जमिन बाँझो हुनुमा मानिसहरूको जीवन शैलीमा आएको परिवर्तन, पहाडबाट तराई वा शहरतिर बसाई सर्ने प्रवृत्तिको विकास, युवाहरू विदेशी जानु र सरकारले पर्याप्त सेवा सुविधाहरू पुर्याउन नसक्नु प्रमुख कारण भएको बताए ।

उनले नेपालको १० लाख ३० हजार हेक्टर बाँझो जमिनमा खेतीपाति गर्न थालेमा उत्पादन वृद्धि गरी खाद्यान्न निर्यात गर्ने अवस्थामा पुग्नसक्ने दाबी गरे । उनले यो वर्ष कृषि मन्त्रालयले बाँझो जमिन उपयोगका निम्ति नगन्य भए पनि बजेट विनियोजन गरेको बताए ।

उनले बाँझो जमिन उपयोग गर्न कृषि मन्त्रालयले बजेट पाउन नसक्नुको प्रमुख बाधक योजना आयोग भएको आरोप लगाए । उनले योजना आयोगले पहिला नै सिलिङ तोकेर पठाएकाले कृषि मन्त्रालयको सिलिङमा बजेट कटौती भएको बताए ।

## कहिले बन्छ धानमा आत्मनिर्भर मुलुक ?

सरकारले नेपाललाई धानमा आत्मर्निभर बनाउने घोषणा गरे पनि वार्षिक ९ लाख मेट्रिक टन धन्दा धेरै धान र चामल आयात हुने गरेको कृषि मन्त्रालयलले जनाएको छ । मन्त्रालयले गत वर्ष ५८ लाख मेट्रिक टन धान उत्पादन गर्ने लक्ष्य राखेकोमा ५५ लाख ५० हजार मेट्रिक टन मात्रै उत्पादन भएको थियो । साढे ४ लाख मेट्रिक टन धान वर्षाका कारण नष्ट भएको विभागले जनाएको छ ।



नेपालमा करिब १४ लाख हेक्टर जमिनमा करिब ५७ लाख मेट्रिक टन धान उत्पादन हुने गरेको छ। तराईमा करिब ७० प्रतिशत, पहाडी क्षेत्रमा २६ प्रतिशत र हिमाली क्षेत्रमा ४ प्रतिशत जमिनमा धान लगाउने गरेको कृषि विभागको तथ्यांकले देखाउँछ । नेपालले वार्षिक अर्बौंको चामल भारत र अन्य देशबाट आयात गर्दै आएको छ । त्यसमध्ये भारतबाट आयात हुने परिमाण धेरै छ। अघिल्लो आर्थिक वर्षको ११ महिनामा नेपालमा २८ अर्ब बराबरको चामल भित्रिएको भन्सार विभागले जनाएको छ। मुलुकमा युवाशक्ति विदेश पलायन हुने, गाउँघरका जमिन बाँझै रहने र समयम मलबिउ सिचाँइको अभाव हुँदा नेपालमा धानमा पनि परर्निभर हुनुपरेको हो ।

# सरकार बनाउन सकस, मध्यावधिको डर

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत चाहिन्थ्यो । कार्कीको पक्षमा एमालेका ४० र राप्रपाका ६ गरी ४६ प्रदेशसभा सदस्यले मत दिए । उनको विपक्षमा ४३ मत परेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ असार ।

कोशी प्रदेश सरकार ढलेको छ । विश्वासको मत लिने मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रस्ताव प्रदेशसभाले अस्वीकृत गरेपछि उनी नेतृत्वको सरकार ढलेको हो ।

**कोशी प्रदेश**

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत चाहिन्थ्यो । कार्कीको पक्षमा एमालेका ४० र राप्रपाका ६ गरी ४६ प्रदेशसभा सदस्यले मत दिए । उनको विपक्षमा ४३ मत परेको छ । नेपाली कांग्रेसका, माओवादी केन्द्र र एकीकृत समाजवादीले विपक्षमा मतदान गरे ।

पृष्ठ २ मा

## प्रतिकूल संसदीय अंकगणित

कोशी प्रदेश सरकार ढलेपनि नयाँ सरकार गठनको बाटो प्रष्ट देखा परेको छैन् ।

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्नेमा कार्कीको पक्षमा ४६ मत मात्रै खस्यो, जुन एमाले र राप्रपाको मत हो । कार्कीको सरकार टिकाउन एक मत पुगेन ।

विश्वासको मत लिने बेलामा ४३ मत खसे पनि नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको गठबन्धनसँग सभामुख बाहेक ४६ मत नै छ । विश्वासको मत दिँदा एक सांसद रहेको जसपा निर्वाचन प्रक्रियामा तटस्थ बस्यो । जसपा सांसद

पृष्ठ २ मा




## 'मध्यावधिको तयारीमा छैनौं'



प्रदेशसभाबाट विश्वासको मत नपाएका कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार काकीले आफूहरु मध्यावधिको तयारीमा नभएको बताएका छन् ।

विश्वासको मत लिने कार्कीको प्रस्ताव शुक्रबार मात्र प्रदेशसभाले अस्वीकृत गरेको थियो । प्रस्तावको पक्षमा जम्मा ४६ मत खस्यो, बहुमतका लागि ४७ चाहिन्थ्यो । काकीले विश्वासको मत नपाएसँग

पृष्ठ २ मा


## सरकार बनाउने पाँच दलको प्रयास

पाँचदलीय गठबन्धनका नेताहरुले कोशी प्रदेशमा बहुमतको सरकार गठनको प्रयास गर्ने बताएका छन् ।

९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ प्रदेशसभा सदस्य चाहिन्छ। माओवादी केन्द्रबाट निर्वाचित भएर सभामुख भएका बाबुराम गौतमलाई नजोड्ने हो भने गठबन्धनसँग जम्मा ४६ प्रदेशसभा सदस्य छ । कांग्रेसका २९, माओवादी केन्द्रका १२ (सभामुख बाहेक), एकीकृत

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



# घरेलु कामदार स्वदेशमै पीडित

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ असार




घरेलु तथा अवैतनिक महिला कामदारको सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन शुक्रबार सार्वजनिक गरिएको छ। अक्सफार्म नेपालको सहयोगमा युवालय नामक गैरसरकारी संस्थाले सो क्षेत्रमा आवद्ध महिला कामदारले भौग्दै आएका समस्या, उनीहरुले पाउने पारिश्रमिकबारे गरिएको अध्ययनसम्बन्धी प्रतिवेदन सार्वजनिक गरिएको हो ।

अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानामगरले शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममार्फत सार्वजनिक गरिन् ।

अनुसन्धान प्रतिवेदनमाथि विज्ञको सुझावहरूलाई समेत समावेश गरेर प्रतिवेदनलाई छिट्टै अन्तिम रुप दिइने युवालयका अध्यक्ष सन्तोष महर्जनले जानकारी दिए। उक्त अध्ययनका लागि युवालयले चार प्रदेशका १३ जिल्लालाई आधार बनाएको जनाएको छ। जसमा शहरी क्षेत्र रहेको काठमाडौंदेखि मधेशका जिल्लाहरु, सुदूरपश्चिमका तराई तथा पहाडी इलाकाहरु तथा लुम्बिनी तथा कर्णाली प्रदेशका केही जिल्लाहरु समेत समेटिएका छन् । सो अध्ययनका लागि २५ देखि ४० वर्ष उमेर समूहका कूल दुई सय आठ

पृष्ठ २ मा

## माल्टाका नाममा ठगी गर्ने पक्राउ

**काठमाडौं/रासस-** वैदेशिक रोजगारका लागि माल्टा पठाइदिन्छु भन्दै ६ लाख रूपैयाँभन्दा बढी ठगी गरेको अरोपमा झापाका युवराज लिम्बू पक्राउ गरेका छन् ।

भुवन भट्टराईलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाउने प्रलोभन दिएर ६ लाख ३० हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा झापा अर्जुनधारा स्थायी घर भइ हाल काठमाडौंको टोखा नगरपालिका वडा नं. ३ धापासी बस्ने लिम्बूलाई

पृष्ठ २ मा

## जेठ महिनामा डेढ लाखले लिए राहदानी

**काठमाडौं/रासस-** पछिल्लो समय नयाँ राहदानी लिनेहरूको संख्या बढ्दै गइरहेको छ । राहदानी विभागका अनुसार गत जेठ महिनामा मात्रै एक लाख ४७ हजार जनाले राहदानी लिएका थिए। यसमध्ये ६३ प्रतिशतले नयाँ राहदानी लिएका छन् भने बाँकीले नवीकरण गराएका छन् ।

एकै महिनामा एक लाख ४७ हजारले राहदानी लिएको हालसम्मकै यो उच्च भएको राहदानी

पृष्ठ २ मा

# आयल निगमका पूर्वकार्यकारी निर्देशक खड्का दोषी ठहर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ असार ।

विशेष अदालतले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक गोपालबहादुर खड्कालाई दोषी ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरू

पृष्ठ २ मा

> अख्तियारले खड्काको घर, जग्गा, बैंकमौज्दात र शेयर जफत गर्न मागदाबी लिएको थियो । त्यो सबै जफत गर्ने आदेश भएको छ ।
>
> **दिपेन्द्रनाथ योगी**
> **प्रवक्ता, विशेष अदालत**

## पूर्वसांसद रौनियार पक्राउ

पप्पु कन्ट्रक्सन प्रालिका सञ्चालक एवं पूर्वसांसद हरिनारायण रौनियार पक्राउ परेका छन्। उनलाई शुक्रबार काठमाडौंबाट पक्राउ गरेको हो । रौनियारविरुद्ध गत वैशाखमै बाँके प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो। एक करोडभन्दा बढी ठगीको आरोपमा उनी शुक्रबार पक्राउ परेका हुन्। तत्कालीन संघीय समाजवादी फोरमका नेता रौनियार २०७४ को निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नं ३ बाट निर्वाचित भएका थिए । पप्पु कन्ट्रक्सनले देशका विभिन्न ठाउँमा आयोजनाको निर्माण जिम्मा लिएर कामै नगरी अलपत्र पार्ने गरेको छ ।

गत असोज १९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बर्दियाको बबई पुल निर्माणमा गुणस्तर कायम नगरी भ्रष्टचार गरेको भन्ने विषयमा विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो ।

# मुख्यमन्त्रीहरुले प्रधानमन्त्रीलाई बुझाए १७ बुँदे साझापत्र

**मध्यान्ह संवाददाता**
पोखरा, १५ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसमक्ष मुख्यमन्त्रीहरुले १७ बुँदे साझा मागपत्र बुझाएका छन्। शुक्रबार पोखरामा सम्पन्न अन्तर प्रदेश मुख्यमन्त्री बैठकले तयार पारेको साझा पत्र मुख्यमन्त्रीहरुले प्रधानमन्त्रीलाई बुझाएका हुन्।

उक्त साझा पत्रमा तत्काल प्रहरी समायोजन हुनुपर्ने, संघीय निजामती ऐन लगायतका कानुन ल्याउनुपर्ने, प्रदेश सरकारको कार्यालयहरु रहेका भवन र भवन परिसरको जग्गाको स्वामित्व प्रदेश सरकारको स्वामित्वमा आउनुपर्ने लगायतका माग उल्लेख छ। सबै प्रदेशमा प्रदेशको निजामती सेवा ऐन बन्न नसकेको, प्रदेश निजामती सेवा ऐन निर्माण भएका प्रदेशमा समेत कार्यान्वयनमा बाधा भएको र कर्मचारीहरूको वृत्ति विकासमा अवरोध उत्पन्न भएकोले संघीय निजामती सेवा ऐन छिटो जारी हुनुपर्ने माग गरिएको छ।

यस्तै साझापत्रमा प्रदेश सरकारका कार्यालयहरू रहेका भवन र भवन परिसरका जग्गाको स्वामित्व प्रदेश सरकारलाई प्राप्त नहुँदा थप संरचना निर्माण गर्न र आर्थिक / प्रशासनिक काम व्यवस्थित गराउन समस्या देखिएकोले हाल प्रदेश सरकारले उपभोग गरिरहेका भवन र भवन परिसरको जग्गा प्रदेश सरकारको स्वामित्वमा आउनु पर्ने, संघ सरकारले प्रदेशसँग समन्वय नगरी सहमति नलिई कर्मचारी सरुवा गरी पठाइदिने गरेको




कारणले प्रदेशलाई आवश्यक भएको कर्मचारी प्राप्त नहुने र आवश्यक नभएको कर्मचारी आइदिँदा कर्मचारी व्यवस्थापनमा कठिनाई भएकोले संघबाट कर्मचारी पठाउँदा प्रदेशको सहमतिका आधारमा पठाउने व्यवस्था हुनुपर्ने उल्लेख छ। यसका लागि प्रदेशको कानूनबमोजिम जनशक्ति प्रयाप्त नहुँदासम्म संघबाट खटाइने प्रदेश सचिव र आ-आफ्नो प्रदेश भित्रपर्ने स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत एकमुष्ट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सोही कार्यालय मार्फत पदस्थापना गर्ने व्यवस्था मिलाइनुपर्ने माग गरिएको छ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले प्रदेशले संघसंग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्ने प्रावधान भए पनि कतिपय संघीय मन्त्रालयहरूवाट सो प्रावधानको पालना नभएकोले प्रदेशका मन्त्रालयहरूले ऐन बमोजिम सीधा सम्पर्क गर्न पाउनुपर्ने, साझा अधिकार अन्तर्गतका विषयमा संघ सरकारबाट निर्माण हुनुपर्ने कानूनहरू निर्माण नहुँदा प्रदेश सरकारले कानून बनाउन नपाएको र एकल अधिकारका सूचीमा रहेका विषयहरू समेत सम्बन्धित संघीय कानून नहुँदा प्रदेश सरकारबाट निर्मित कानून कार्यान्वयनमा कठिनाइ भएकोले संघ सरकारबाट बन्नुपर्ने कानूनहरु शीघ्र निर्माण हुनुपर्ने, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र पुनर्परिभाषित गरी कार्यविभाजनमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरण प्रतिवेदन प्रदेश सरकारको सहभागितामा पुनरावलोकन गरी सोही बमोजिमको संघीय कानुन तर्जुमा गर्नुपर्ने र प्रदेश सरकारलाई विकास निर्माणका कार्य गर्न, औद्योगिक क्षेत्र निर्माण गर्न र सेवा प्रवाहका लागि संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गाको प्राप्तिमा कानूनी समस्या रहेकोले प्रदेशले समेत जग्गा प्राप्त गर्न सक्ने गरी जग्गा प्राप्ति ऐनमा आवश्यक संशोधन गर्नुपर्ने माग गरिएको छ।

यस्तै मुख्यमन्त्रीहरुले स्थानीय तहबाट संकलन हुने नदिजन्य पदार्थ विक्री वितरण वापत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्तिमा कठिनाइ भएकोले स्थानीय सरकार सञ्चालन ऐनमा आवश्यक संशोधन गरी नदिजन्य पदार्थको विक्री वितरणबाट प्राप्त हुने राजस्व विभाज्य कोषमा दाखिला हुने व्यवस्था मिलाइनु पर्ने साथै प्रदेशले नदीजन्य पदार्थको मापदण्ड निर्धारण गर्ने अधिकार प्राप्त गर्नुपर्ने माग गरिएको छ।

नेपालको राष्ट्रिय वन व्यवस्थापनको अधिकार क्षेत्र प्रदेश अन्तर्गत राखेको भएपनि संघ सरकारवाट ऐन र नियमावली बनाउदा संघ सरकारकै मन्त्रालयको नियन्त्रणमा रहने गरी व्यवस्था गरिएको हुँदा त्यसरी संघ सरकारको नियन्त्रणमा रहने गरी बनाइएको कानूनमा संशोधन हुनुपर्ने माग गरिएको छ। साझा पत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले यसबारे संघीय सरकारमा गम्भीर रूपमा छलफल हुने बताए। दाहालले संघीय निजामती, शिक्षा र प्रहरी ऐन छिटो निर्माण गर्न पहल गरिरहेको भन्दै संघीय निजामती ऐन सदनको यसै अधिवेशनमा यी ऐनहरू टुंगाउने कोशिश गर्ने बताए।

### सरकार...

बैठकमा ८९ सदस्यमात्र उपस्थित थिए। जनता समाजवादी पार्टी (जसपा)की प्रदेशसभा सदस्य निर्मला लिम्बुसँगै प्रतिपक्षी दलका अरू दुई सांसद अनुपस्थित रहे। जसपाले यसअघि नै तटस्थ बस्ने निर्णय गरेको थियो।

कार्की नेतृत्वको सरकार ढलेकाले अब कोशीमा नयाँ सरकार गठनको प्रक्रिया सुरु हुनेछ। २०७९ मंसिरमा भएको प्रदेश सभा चुनावपछि २४ पुसमा कार्की मुख्यमन्त्री नियुक्त भएका थिए।

### प्रतिकुल...

निर्मला लिम्बू मत विभाजनक बैठकमै अनुपस्थित भइन। प्रतिपक्षका दुई सांसद पनि आएनन्।

कठिन अंकगणितका कारण कांग्रेस माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी पार्टीको गठबन्धनलाई नयाँ सरकार गठनका लागि सजिलो छैन। कोशीमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले सरकारमा दाबी गरिरहेका छन्।

सभामुख निर्णायक भएका कारण गठबन्धन दललाई बहुमत जुट्ने आश छ।

सभामुखले बराबरी हुंदा मात्रै निर्णायक मत दिन पाउने भएका कारण गठबन्धन दललाई विश्वासको मत लिने बैठकमा विपक्षी दलका एक जना मात्रै सांसद अनुपस्थित भए भने के गर्ने भन्ने चिन्ता छ।

### मध्यावधिको...

एमाले नेतृत्वको सरकार ढल्यो भने अब नयाँ सरकार गठनको प्रक्रिया सुरु हुनेछ।

प्रदेशसभा बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै कार्कीले अब प्रदेशसभाको सबभन्दा ठूलो दलको नेतृत्वमा सरकार बन्नुपर्ने बताएका छन्। प्रदेशसभाको सबभन्दा ठूलो दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ। सरकार गठनको आह्वान भए एमालेले नेतृत्व दाबी गर्छ भन्ने प्रश्नमा उनले नगर्ने बताए।

### सरकार...

समाजवादीका चार र जनता समाजवादी पाटी (जसपा) का एक प्रदेशसभा सदस्य छन्।

प्रदेशसभाको सबभन्दा ठूलो दल एमालेसँग ४० सिट छ भने राप्रपासँग ६ प्रदेशसभा सदस्य छन्। अर्थात दुबै एमाले-राप्रपा र पाँचदलीय गठबन्धनसँग समान ४६ मत मात्र छ।

कांग्रेस संसदीय दलका नेता उद्धव थापा बहुमत जुटाएर गठबन्धनको सरकार गठनको प्रयास हुने बताउँछन्।

माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले गठबन्धनकै नेतृत्वमा सरकार बन्ने दाबी गर्छन। गठबन्धनमा सरकारको नेतृत्वबारे पनि सहमति जुटेको छैन। एकीकृत समाजवादीका संसदीय दलका नेता राजेन्द्र राईले भने मुख्यमन्त्रीमा आफ्नो दाबी नभएको बताएका छन्। सरकारमा माओवादी र कांग्रेसको दाबी छ।

### घरेलु...

जना महिलासँग प्रत्यक्ष संवाद गरिएको थियो। जसमध्ये एक सय छ जना वैतनिक घरेलु कामदार रहेका थिए भने बाँकी एक सय दुई जना अवैतनिक कामदार रहेको कार्यक्रम संयोजक विष्णुबहादुर खत्रीले जानकारी दिए।

वैतनिक कामदारतर्फ २२ प्रतिशतले कार्यस्थलमा शारीरिक तथा मानसिक हिंसाको अनुभव गर्नुपरेको बताएका छन्। त्यस्तै बिहान र बेलुकाको काममा दौडधुप बढी हुने र एकभन्दा धेरै घरमा काम गरेका महिलाले बीचको समयमा पर्याप्त समय आराम पाउन नसकेको गुनासो गरेका थिए।

यस्ता कामदारमध्ये अधिकांशले बिरामी हुँदा बिदा पाउने भए पनि बिदा लिँदा विभिन्न अपजसहरुको सामना गर्नुपर्ने अवस्था रहेको बताएका थिए। त्यस्तै यसरी काम गर्ने अधिकांशको तलब मासिक तीनदेखि चार हजार रुपैयाँ मात्रै रहेको देखिएको छ। पारिश्रमिक कम भएकै कारण ३० प्रतिशतले जीविकोपार्जनका लागि एकभन्दा बढी घरमा काम गर्नुपर्ने अवस्था रहेको बताएका थिए। १४ प्रतिशतले दुईभन्दा बढी घरमा काम गर्ने उल्लेख गरेका थिए।

अध्ययनले अवैतनिकरुपमा काम गर्ने घरेलु महिला श्रमिकको बारेमा समेत सर्वेक्षण गरेको थियो। १ सय २ जनामा गरिएको उक्त सर्वेक्षणमा ३४ जना फुर्सदको समयमा अन्य कार्यमा संलग्न रहेको पाइएको थियो। त्यसमध्ये २६ जनाले घरमै केही सामग्री उत्पादन गर्ने गरेको बताए भने बाँकीमध्ये केहीले मात्रै अफिस गएर काम गर्ने बताए। तर घरमै बसेर गरिएका उत्पादनले बजार पाए/नपाएकोबारे प्रष्ट नभएको अध्ययनमा उल्लेख गरिएको छ।

कार्यक्रममा उपसभामुख रानामगरले घरेलु कामदारको सन्दर्भमा नेपालमा हुँदै आएको अभ्यासमा ठूलो सुधारको खाँचो रहेको बताइन्। उनले कुनैपनि घरेलु कामदार राख्नुअघि उनीहरुको मानसिकता अध्ययन गर्नुपर्ने तथा कार्यक्षेत्रमा गर्ने कामबारे आधारभूत तालिमको व्यवस्था हुनुपर्ने विषयमा जोड दिइन्। यस्ता कामदारलाई सामाजिक सुरक्षामा आवद्ध गराउने तथा औषधोपचार तथा दुर्घटना बीमा अनिवार्य हुनुपर्ने उनको भनाइ छ।

### माल्टाका...

पक्राउ गरिएको प्रहरीले बताएको छ। बिहीबार पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको प्रहरीले जानकारी दिएको छ।

### जेठ...

विभागका प्रवक्ता तथा निर्देशक दुरपदा सापकोटाले जानकारी दिए। उनका अनुसार गएको चैत महिनामा एक लाख ४२ हजारले तथा वैशाख महिनामा एक लाख २५ हजारले राहदानी लिएका थिए। जसमा राहदानी नवीकरण गर्ने र नयाँ राहदानी लिने दुवैको संख्या समावेश गरिएको छ।

प्रत्येक १० वर्षमा राहदानी नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ। पछिल्लो समय राहदानी बनाउनेको संख्या अनुमानभन्दा बढी र नवीकरण गर्नेको संख्या कम भएको विभागले जनाएको छ। ६६ पृष्ठको राहदानी चार लाख प्रति छापिएकामा पाँच हजारमात्रै प्रयोग भएको र बाँकी मौज्जाद रहेकाले त्यसलाई समेत साधारणसरह वितरण गर्न थालिएको विभागले जनाएको छ।

### आयल...

शालिग्राम कोइराला र डा। खुसीप्रसाद थारुको संयुक्त इजलासले शुक्रबार खड्कालाई १ वर्ष ३ महिना कैद सजाय सुनाएको छ भने १८ करोड रुपैयाँ विगा तथा जरिवाना भराउने आदेश गरेको हो।

२ चैत २०६९ चैतमा आयल निगमका कार्यकारी निर्देशक भएका खड्काविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २३ पुस २०७८ मा १८ करोड ६६ लाख ५ हजार ६२९ रुपैयाँ गैरकानुनी रुपमा आर्जन गरेको अभियोग लगाएको थियो।

विशेष अदालतका प्रवक्ता दिपेन्द्रनाथ योगीका अनुसार, खड्कालाई दोषी ठहर गर्दै १ वर्ष ३ महिना कैद सजाय सुनाइएको छ। उनलाई विगो बमोजिम ९ करोड १९ लाख ६ हजार ६३४ रुपैया ६४ पैसा र त्यति नै जरिवाना हुने आदेश भएको छ।

# बुटवल उपमहानगरले मनायो धान दिवस

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १५ असार

बुटवल उपमहानगरपालिकाले शुक्रबार बुटवल १५ उजेलापुरमा धान दिवस तथा रोपाइँ महोत्सव मनाएको छ। २०औं राष्ट्रिय धान दिवसको अवसरमा उजेलापुरकी भीमकुमारी थारुको खेतमा बुटवल उपमहानगरपालिकालेबाजागाजासहित रोपाइँ गरेर दिवस मनाएको हो।

बुटवल वडा नं १५ को आयोजना, वडास्तरीय कृषि व्यवसाय प्रवर्द्धन समिति र ज्ञानज्योति टोल विकास संस्थाको समन्वयमा भएको २०औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा नगर प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी, वडा अध्यक्षहरु, महाशाखाका निर्देशकहरुसहित स्थानीयको सहभागिता रहेको थियो।

सो कार्यक्रममा नगर प्रमुख पाण्डेयले बुटवलको १२ देखि १९ सम्मका वडाहरुमा खेतीयोग्य जमीन रहेको र यी क्षेत्रलाई कृषि पकेट क्षेत्रका रुपमा अगाडि बढाइरहेको बताए। उनले बुटवललाई आवश्यक कृषि उत्पादन बुटवलमै तयार गर्ने गरी लगानी गर्ने र किसानलाई प्रोत्साहित गर्ने गरी तयारी गरिएको बताए। उनले बुटवल १४ मा मकै पकेट क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन भएको बताउँदै आगामी वर्षदेखि तरकारी र धान गहुँको पकेट क्षेत्र बनाउने गरी तयारी गरिएको बताए।

कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्यालले बुटवललाई कृषिमा आत्मनिर्भर बनाउने गरी काम भइरहेको बताइन्। उनले कृषिबाटै मुलुकको उन्नति हुने बताउँदै किसानले अझै बढी चासो दिनुपर्ने बताइन्। उपमहानगरका



प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले कृषि उत्पादनलाई बढाउनका लागि नगरले अनुदान र प्रोत्साहनका कार्यक्रम अगाडि सारेको बताए।

उपमहानगरका प्रवक्ता तथा वडा नं १५ का अध्यक्ष शिव रानाले धान दिवसको अवसरमा धानको उब्जनी बढाउनका लागि अरु धेरै लगानी गर्ने तयारी रहेको बताए। उनले वडा नं १५ मा धान दिवस मनाएर नगरकै कृषि क्षेत्रको महत्व बढेको र यसले सकारात्मक प्रभाव पर्ने बताए।

## धान रोपाइँमा रमाए विद्यार्थी

देवदहको केरवानी माध्यमिक विद्यालयका विद्यार्थीले धान रोपाइँ गरेका छन्। राष्ट्रिय धान दिवसको अवसरमा विद्यालयका कृषि विषयमा अध्ययनरत ५० जना विद्यार्थी धान रोपाइँमा सहभागी भएका थिए। उनीहरूले विद्यालय नजिकैको खेतमा शुक्रबार बिहानदेखि रोपाइँ गरेका हुन्। मेसिनबाट पानी तानेर उनीहरूले शिक्षक शिक्षिकाहरूको सहयोगमा धान रोपेका थिए।

रोपाइँमा सहभागी विद्यार्थी दिपा बस्यालले सधैं कक्षाकोठामा मात्रै बसेर पढ्दै आएकोमा शुक्रबार धान रोप्न पाएकोमा खुसी साटिन्। 'कक्षाकोठामा मात्रै बसेर होइन कि फिल्डमा पनि पुगेर सिक्ने मौका पाएकोमा असाध्यै खुसी लागेको छ,' उनले भनिन्।

यसअघि ती विद्यार्थीले नै रोपाइँका लागि आवश्यक धानको बिउ राखेका थिए। उनीहरूले धानको बिउ राख्नेदेखि धान भित्र्याउनेसम्मको सम्पूर्ण काम गर्ने कृषि शिक्षक शिव ढकालले जानकारी दिए। बिउ छर्ने, धान गड्ने, काट्ने, झार्नेदेखि भित्र्याउने सबै उनीहरूले नै गर्ने उनले बताए। ढकालका अनुसार धान रोप्ने कार्यक्रम रहेको यसअघि नै उनीहरूलाई कक्षाकोठामा जानकारी गराइएको थियो। धान रोप्न विद्यार्थी कोदालोलगायतका सामग्री लिएर खेतमा गएका थिए। विद्यालयका प्रधानाध्यापक निर्मल ढुंगानाले विद्यालय जीवनमै जीवनका विविध पक्षकाबारेमा व्यवहारिक ज्ञान दिन प्रत्येक वर्ष असार १५ का दिन रोपाइँ कार्यक्रम गर्दै आएको जानकारी गराए। खेती किसानबारे बुझ्ने उमेर शुरु हुने भएकाले प्रत्येक वर्ष विद्यार्थीलाई कार्यक्रममा सहभागी गराउँदै आएको उनले बताए।

# इन्टर्नसिप गरिरहेका डाक्टरहरु आन्दोलित



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १५ असार

नेपालगन्ज मेडिकल कलेजमा इन्टर्नसिप गरिरहेका डाक्टरहरु आन्दोलित भएका छन्। कलेजबाट भर्खरै एम.बी.बी.एस. उत्तीर्ण गरी इन्टर्नसिप गरिरहेका डाक्टरहरुले कलेजले अनावश्यक फिस असुल गरेको भन्दै कलेजका प्रबन्ध निर्देशकको कार्यालय अगाडि धर्ना दिएका हुन्। काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपालगन्ज मेडिकल कलेज, मणीपाल मेडिकल कलेज पोखरा र लुम्बिनी मेडिकल कलेज पाल्पाका डाक्टरहरुले एकसाथ ६ वर्ष अघि असुल गरिएको फिस फिर्ता गर्नुपर्ने माग राख्दै आन्दोलन गरिरहेका छन्।

एम.बी.बी.एस. उत्तीर्ण गरी इन्टर्नसिप गरिरहेका ४१ जनासहित करिब एक सय जना डाक्टरहरु बुधबारदेखि कलेजका प्रबन्ध निर्देशकको कार्यालय अगाडि धर्ना बस्दै आएका छन्।

उनीहरु बिहान विद्युतीय यन्त्रमा हाजिरी गरेर ड्यूटीमा नगई १० बजेदेखि साढे ११ बजेसम्म कलेजका प्रबन्ध निर्देशकको कार्यालय अगाडि धर्ना बस्दै आएका छन्।

आन्दोलनमा सहभागी एक जना महिला चिकित्सकका अनुसार कलेजले विद्यार्थीहरुसँग भर्ना गर्ने समयमा सन् २०१७ मा एम.बी.बी.एस. कोर्ष साढे चार वर्षको लागि कुल शुल्क ४७ लाख ९० हजार मध्ये भर्ना गर्ने समयमा २९ लाख ७३ हजार ३९४ रुपैयाँ अग्रीम भुक्तानी लिएको थियो। ती चिकित्सकका अनुसार ६ वर्ष अघि डिपोजिट गरिएको इन्टर्नसिप फि रु. १ लाख ९२ हजार, काठमाडौं विश्वविद्यालयको सम्बन्धन शुल्क १ लाख ६ हजार ४४४ रुपैयाँ, काठमाडौं विश्वविद्यालयको परीक्षा शुल्क पहिलो वर्षको रु.९ हजार, काठमाडौं विश्वविद्यालयमा दर्ता शुल्क रु. १० हजार र नेपाल मेडिकल काउन्सिल शुल्क रु.३ हजार समेत जम्मा रु. ३ लाख २० हजार ४४४ रुपैयाँ असुल गरिएको थियो।

नाजायज तरिकाबाट असुल गरिएको उक्त रकम फिर्ता नगरेसम्म धर्ना जारी रहने बताइएको छ। नाजायज तरिकाबाट असुल गरिएको भन्ने थाहा हुँदाहुँदै भर्ना नपाउने डरले डिपोजिट गरिएको आन्दोलनरत चिकित्सकहरु बताउँछन्। नेपालगन्ज मेडिकल कलेजमा यसअघि पनि बेला-बेलामा चिकित्सक र कर्मचारीहरुबाट आन्दोलन हुँदै आएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/०७ मा दर्ता भएको **प्रा.लि. नं. १९९३५५** को **कोबिनी हस्पिटालिटी म्यानेजमेन्ट प्रा.लि.**को मिति २०८०/०२/१५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबै को जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

**SAUDI मा रोजगार** | कम्पनी : Abdul Rahman Abdul Aziz al-qrzaey est. Automatic Doors
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०८०/०३/०४ | चलानी नं.: ६०२०४०७७ | LT. No.: 285073

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PACKAGING AND WRAPPING WORKER | 1 | 0 | स. काममा दक्ष | 1300 | ४५,४०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८०/०३/२३ गते (08 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२
**फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३८७४९९, ४३६२६६२
मो: ९८०३१४८०२१, ९७४१८७५४३६ । Email: hrfriendship1@gmail.com

**सिस्ने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**सिस्ने गाउँपालिकाको सामाजिक सुरक्षा नवीकरण सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८०/०३/१५)

पस्तुत विषयमा सिस्ने गाउँपालिका अन्तरगत सामाजिक सुरक्षा लाभग्राहीले आगामी आर्थिक बर्ष २०८०-८१ को लागि सामाजिक सुरक्षा नियमावली, २०७६ को दोस्रो संसोधन अनुसार मिति २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति उपस्थित भई आफ्नो परिचय पत्र नवीकरण गरिदिनहुन र सो कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रमुख प्रकासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com



# अर्गानिक उत्पादन वृद्धि र प्रवर्द्धनका लागि रैथाने बाली महोत्सव

रुपक खड्का/मध्यान्ह
बझाङ, १५ असार



बझाङमा रैथाने बालीको उत्पादन वृद्धि र प्रवर्द्धनका लागि रैथाने बाली खाद्य परिकार महोत्सवको आयोजना गरिएको छ ।

रैथाने बालीको उत्पादन वृद्धि, प्रवर्द्धन तथा घरकै उत्पादत खाने बानीको विकास गर्न जयपृथ्वी नगरपालिका तथा मष्टा र सुर्मा गाउँपालिकाको आयोजनामा रैथाने बाली खाद्य परिकार महोत्सवको आयोजना गरिएको हो ।

महोत्सवमा कृषि ज्ञान केन्द्र बझाङ र शहीद बृषबहादुर सिंह बहुप्राविधिक शिक्षालय अठला बझाङको समन्वय गरेको छ भने सह प्रायोजक युएमएन र दलित सहयोग समाज रहेका छन् ।

पहिलो पटक भएको खाना महोत्सवले रैथाने बालीको महत्वलाई उजागर गरेकाले रैथाने बालीको प्रवर्द्धनका लागि यस्ता महोत्सवलाई निरन्तरता दिनुपर्ने सहभागीहरुले बताएका छन् । पछिल्लो समय विभिन्न प्रकोपका कारण रैथाने बालीको उत्पादन घट्दो भएपनि बजारमा माग भने बढ्दो क्रममा रहेको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख नरबहादुर बोहराले आयातित वस्तु खाने लत हरेक नागरिकलाई परिसकेको हुनाले रैथाने उत्पादन खान हिचकिच मान्ने गरेको बताए । 'कुनै समय चिनो कागुनो, फापरको पिठो गरिबले खान्छन् भन्ने मान्यता थियो । तर अहिले अर्गानिक खाना धनीमानीको लागि चौरासी बेन्जनसरह भएको छ,' उनले भने ।

यस्तै प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले रैथाने बालीको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गर्न स्थानीय सरकारले ठोस नीति बनाउनुपर्ने बताए । 'खाजा भनेकै चाउचाउ, चाउमिन हो ठान्छन् । अब स्थानीय बालीको प्रवर्द्धन गर्नुपर्छ,' उनले भने ।

जयपृथ्वी नगरपालिका नगरप्रमुख चेतराज बजालले रैथाने बाली प्रवर्द्धनका लागि ठोस नीति नै बनाएर अघि बढ्ने प्रतिबद्धता जनाए । कृषि नै मुलुकको मुख्य आय स्रोत भएकाले कृषि र किसानको विकासमा जोड दिनुपर्ने उनको भनाइ थियो । सदरमुकाम चैनपुरस्थित जिल्ला समन्वय समितिमा दुईदिने महोत्सव आयोजना गरिएको हो । महोत्सवमा रैथाने बाली बिक्री वितरण, व्यक्तिगत सरसफाइमा चेतना, खाद्य गुणस्तर मापदण्ड र सांस्कृतिक कार्यक्रम मुख्य आकर्षणका रुपमा रहेका छन् ।

उक्त महोत्सवमा लोकेन्द्र रोकाया र कोसेली घरका सञ्चालक बसन्त खड्काले रैथाने बालीको स्टल राखेका छन् । रैथाने बाली प्रवर्द्धनका लागि स्थानीय महिलाहरुले देउडा र विद्यार्थीहरुले नृत्यसमेत प्रस्तुत गर्दै बाली संरक्षणमा जोड दिएका छन् ।

जयपृथ्वी नगरपालिका नगरप्रमुख बजालको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा प्रमुख अतिथि जिलला समन्वय समितिका प्रमुख नरबहादुर बोहरा रहेका थिए भने विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेय रहेका थिए । महोत्सवमा फापरको केक, मासको लड्डु, कोदोको मःम र हलुवा, कागुनाको खिर, आलुको चिप्स, भागोको चट्नी र भटमासलगायतका परिकार बनाइएको थियो ।



## युएईमा रोजगार

कम्पनी : MIDDLE EAST BUILDING SECURITY LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०३/१५ चलानी नं.: ६०२०४०७४ LT. No.: 288816

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 20 | 5 | | 800 | २८,५३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० असार २३ गते (8 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1431/074/075

LIFE KEY OVERSEAS PVT. LTD
Samakhusi, Kathmandu, Nepal. Tel : 01- 4951873 | Web : www.lifekeyoverseas.com.np
E-mail : info@lifekeyoverseas.com.np | sajhanepal6@gmail.com

## Cyprus मा महिला, पुरुषहरुलाई रोजगारको अवसर

१. कम्पनीः Global Tree Recriot,emt LTD , Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८०।०२।२८ चलानी नं. ६०२०३०७१ LT.No. 287648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 05 | - | काममा दक्ष | 800 | ११३,८७७।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Employee | 10 | 05 | | 700 | ९९,६४२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | लागत खर्च रु. ३५,०००।- |

अन्तर्वार्ता मिति २०८० असार २३ र २४ गते (8 & 9 July, 2023) मेनपावर कार्यालय गोंगबुमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाण्डौमा सम्पर्क राख्नु होला ।

SRC JOB PLACEMENT PVT.LTD
S.R.C. Job Placement Pvt. Ltd.
Gov. Lic. No. 1585/079/80 Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com



# बुद्ध स्कुलमा धान रोपाइँ



प्रदिप ज्ञवाली/मध्यान्ह
सैनामैना, १५ असार

सैनामैना नगरपालिकाको वडा नम्बर ७ अवस्थित बुद्ध इङ्लिस स्कूलले असार पन्ध्र अर्थात् राष्ट्रिय धान दिवस भव्यताका साथ मनाएको छ । 'सीप र संस्कारसहितको व्यवहारिक शिक्षा' भन्ने नारासहित सञ्चालित विद्यालयले असार १५ मनाएको हो ।

विद्यार्थीहरुले विद्यालयमा लिची र खेतमा धान रोपेका थिए । साना कक्षामा भने कक्षा भित्र नै धानको परिचय र महत्वका बारेमा बुझाउनुका साथै दही चिउरा खुवाउँदै दिवस मनाइएको थियो । 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधिः धान उत्पादनमा वृद्धि' भन्ने नारासहित २०औं राष्ट्रिय धान दिवस तथा दही चिउरा खाने दिन शुक्रबार बुद्ध इङ्लिस स्कुलका कक्षा ७, ८, ९ र १० का विद्यार्थीहरुले धान रोपेका हुन् ।

'सीप र संस्कारसहितको व्यवहारिक शिक्षा' आजको आवश्यकता भएका कारण विद्यार्थीहरुलाई विद्यालय जीवनमै जीवनका विविध आयामका बारेमा व्यवहारिक ज्ञान प्रदान गर्न रोपाइँ कार्यक्रममा विद्यार्थीलाई सहभागी गराइएको विद्यालयका प्रधानाध्यापक लेखनाथ गैरेले बताए ।

अब यी विद्यार्थीको खेतीपाती र कृषिबारे बुझ्ने उमेर शुरु हुने भएकाले समेत विद्यार्थीलाई रोपाइँ कार्यक्रममा सहभागी गराइएको प्रधानाध्यापक गैरेले बताए ।

यसैबीच विद्यालयमा शिक्षक कर्मचारीबीच दही चिउरा खाने कार्यक्रम पनि गरिएको विद्यालयका प्रधानाध्यापक गैरेले जानकारी गराए ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१६

**बनाऊ टोली प्रा.लि.** को मिति २०८०/०३/०३ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर.पी. डिजाइन प्रा.लि. (प्रा.लि. नं.: ३८८४८९)** कायम गर्ने गरी मिति २०८०/०३/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं

**सम्पर्कः** 01-4958923 / 01-4952044
**मोः** 9741818340 ( WhatsApp/Viber )



## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

### बोलपत्र आह्वानको सूचना

**पहिलो पटक प्रकाशित मिति :- २०८०/०३/१६**

यस नगरपालिकाको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ बमोजिम मेलम्ची नगर अस्पतालको ब्याकअप सिस्टम खरिद तथा जडानको कार्य गर्नको लागि बोलपत्र आव्हानको सूचना आव्हान गरिएको छ ।

**तपशिल :-**

| सूचना नं | कार्यको विवरण | बैक ग्यारेन्टी | कैफियत |
|---|---|---|---|
| MMSI/NCB/GOODS/2079-080/10 | ब्याकअप खरिद तथा जडान | ५८,०००।०० | |

- यो सूचना ३ दिनको रहनेछ । मिति २०८०/०३/१८ गते कार्यालय समयसम्म बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ । मिति २०८०/०३/१९ गते दिनको १२:०० बजेभित्र बोलपत्र सम्बन्धी कागजात पेश गर्नुपर्नेछ र सोही दिन दिनको १:०० बजे बोलपत्र खोलिनेछ ।
- ४५ दिनको अवधि भएको बैक ग्यारेन्टी वा मेलम्ची नगरपालिकाको धरौटी खाता १६८०३०००००३००००००००१ मा नगद जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।
- बोलपत्र सम्बन्धी सम्पूर्ण अधिकार मेलम्ची नगरपालिकासँग रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
## श्रम तथा रोजगार मन्त्रालय
## वैदेशिक रोजगार विभागको

**(अनुसन्धान तथा मुद्दा शाखा) बुद्धनगर, काठमाडौं, नेपालको**

### ७ दिने सूचना

वैदेशिक रोजगार व्यवसाय गर्ने **महागढी ओभरसिज प्रा.लि.** ईजाजत नं. १२८२/०७४/०७५ का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेका तपशिल बमोजिमका उजुरीकर्ताहरुले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| सि. नं. | उजुरवालाको नामथर | दावी रकम | उजुरीको कम्प्युटर दर्ता नं. | उजुरी व्यहोरा | उजुरी मिति | गएको देश | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १. | कृष्ण बहादुर गिरी | रु ८,१९,७५०/- | ४६६६ | क्षतिपुर्ति | २०७६/१०/१३ | कतार | ललितपुर |
| २. | विनोद कुमार गुप्ता | रु १,९५,०००/- | ४६६७ | क्षतिपुर्ति | २०७६/१०/१३ | कतार | ललितपुर |
| ३. | उजुरकर्ताको नाम छैन | रकमको दावी नभएको | ५७४४ | आवश्यक सहयोग | २०७९/०१/२० | कतार | ललितपुर |
| ४. | उजुरकर्ताको नाम छैन | रकमको दावी नभएको | ५७४६ | आवश्यक सहयोग | २०७९/१२/१८ | कतार | ललितपुर |
| ५. | ओसी अख्तर देवान | रकमको दावी नभएको | ५७९७ | उद्धार गरि क्षतिपूर्ति | २०७९/०३/२० | यूएई | ललितपुर |
| ६. | रञ्जित कुमार यादव अरजक खान मुस्तकिन मन्सुरी | रु ७,५०,०००/- | ६०८८ | सम्झौता बमोजिम तलब सुविधा नपाई फर्किएकोले कारवाही गरि तलब सुविधा दिलाई पाउँ | २०७९/०४/०३ | कतार | ललितपुर |
| ७. | सुनिल कुमार चौधरी | रकमको दावी नभएको | ६१३२ | खान बस्न नदिएकाले उद्धार गरि पाउँ | २०७९/०४/०४ | यूएई | ललितपुर |

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८०।०३।१४)**


यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधीभित्र दर्ता हुन अएका बोलपत्रहरुमध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राहिभई स्वीकृतिकालागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीकालागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-bakraha ghat-W-NCB -13-079/80 | " Construction of Bakraha Ghat, Urlabari-4, Morang" | श्री द्रोणिका कन्स्ट्रक्सन प्रा.लि, पथरी शनिस्चरे ०३, मोरङ्ग । | ६३,४५,५९४।९७ |


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

कथा

# ...त्यसपछि आएन हेलिकप्टर



■ नारायण पौडेल

काहुले गाउँमा सरकारी स्कुल थिएन । गाउँको बीच नैचे भन्ने ठाउँमा एउटा ठाँटीजस्तो पुरानो घर थियो । त्यसलाई पाठशाला भन्थे । गाउँका आठ/दश जना केटाहरूले त्यो पाठशालामा पढ्थे । पढाउने पारी गाउँका गुरुङ मास्टर थिए । गुरुङ मास्टर अपाङ्ग थिए ।

गुरुङ मास्टर त्यतिबेलाका गाउँभरिकै बुद्धिजीवीमा गनिन्थे । त्यो बेला जिम्वाल मुखियाका घर तिरो तिर्न जाँदा गुरुङ मास्टर नै रसिद काट्न बसेका हुन्थे । कसैको कपाली तमसुक लेख्नु परेमा गुरुङ मास्टरले नै लेखेका हुन्थे । पछि गुरुङ मास्टरले पढाउने पाठशाला भत्काएर स्कुल भवन बन्यो र सरस्वती प्रावि खुल्यो काहुलेमा ।

गाउँमा अर्का मास्टर थिए 'शिव सर' । शिव सरले आरथर स्कुलमा नेपाली भाषा पढाउथे । यिनी पनि गाउँका बुद्धिजीवीमा गनिन्थे । आरथर गाउँ गुरुङ जातीको बाहुल्यता भएको गाउँ थियो । बहुसंख्यकले अल्पसंख्यकलाई पेल्ने चलन सदियौंदेखि चलि आएको थियो ।

आरथरमा पनि गुरुङ जातीकै बोलवाला थियो । तर, काहुलेमा भने बाहुन, क्षेत्री, गुरुङ, कामी र सार्की जातको छ्यासमिस बसोबास भएकोले कुनै जात अर्को कुनै जातबाट पेलिनु परेको थिएन । हामी पढ्ने स्कुल आरथर गाउँमा थियो । आधा घण्टा हिँडेर पुग्थ्यौं । हाम्रो तीन/चार जना केटाहरूको समूह थियो । स्कुल जाँदा आउँदा हामी सँगसँगै हुन्थ्यौ । बैशाख महिनाको अन्तिम शुक्रबारको दिन थियो । एक बजे स्कुल छुट्टी भयो । स्कुल र गाउँको बीचमा गुरुङहरुको चिहान थियो । गुरुङको चिहान भएकोले डाँडाको नाम चिहानडाँडा रहेको थियो । हामी चिहानडाँडा आइपुगेका थियौं । हेलिकप्टर उडेको आवाज आयो । आकाशमा सेतो रङ्गको हेलिकप्टर उडेको देखियो । हेलिकप्टर नबस्दासम्म हामीले हेरिरह्यौं । हेलिकप्टरले आकाशमा तीन फन्का लगायो र मेजरको मकैबारीमा बस्यो ।

गाउँमा हेलिकप्टर बस्यो । किन बस्यो केका लागि बस्यो ? कस्तो आश्चर्य !

कहिलेकाही हामीले डाँडामा बाख्रा चराउँदा आकाशको धेरै नै उचाइबाट हरियो रंगका हेलिकप्टर उडेको देख्थ्यौं । उत्तर-पश्चिम दिशातिर उडेका ती हेलिकप्टर पाँच पैसे हिमाल कटेर अलप हुन्थे । पाँच पैसाको सिक्कामा निलगिरी हिमालको नक्शा थियो । त्यसैले निलगिरी हिमाललाई हामी पाँचपैसे हिमाल भन्थ्यौं ।

बुढाहरुले "माथि भोटमा अहिले भोटेसित लडाइँ छ" भन्थे । त्यो तिब्बती खम्पा अप्रेसनको समय थियो सायद ।

हेलिकप्टर बसेको मकैबारीबाट हामी करिब दुई किलोमिटर टाढा थियौं । जब हेलिकप्टर बस्यो हामी पनि बेतोडले मकैबारीतिर दौडियौं । हामी पुग्दा गाउँभरिका मानिसहरू मकैबारीमा पुगिसकेका थिए । तीनपाते भएका मकैका पातहरु हल्लाउँदै हेलिकप्टरका ठूल्ठूला पंखाहरु घुमिरहेका थिए ।

"हेलिकप्टरको पंखा लामो समय घुमिराख्छ", एउटा भारतीय पेन्सनवाला लाहुरेले भनेको सुनियो । हामीले लाहुरेको मुखमा पुलुक्क हेऱ्यौं । यो लाहुरे भनेको सर्वज्ञानी नै हो रहेछ क्यारे ! जस्तो लाग्यो ।

प्रथम र दोस्रो विश्वयुद्ध नेपाली लाहुरेले लडिसकेका थिए । भारत र चीनको १९६२ को युद्ध भैसकेको थियो । त्यतिबेला भियतनाम युद्ध चलिरहेको थियो । लाहुरेले किन नदेखोस् हेलिकप्टर ! र पंखा घुमेको ख्याल नराखोस् ?

केहिबेर पछि हेलिकप्टरको पंखा घुम्न बन्द भयो । ढोका खुल्यो । भित्रबाट सेतो कमिज र कालो पाइन्ट लगाएको विदेशी मान्छे झऱ्यो पल्लोपट्टिबाट नेपाली जस्तो मान्छे झऱ्यो । सबैले हेलिकप्टरबाट झरेका मान्छेको बारेमा अनुमान लगाए । त्यो विदेशी गोरा थियो ।

गोराहरु कहिलेकाहीँ हाम्रो स्कुलमा आउँथे । गोरा देखेर हामी पछि पछि लाग्थ्यौं । जानी नजानी अंग्रेजी पनि बोल्थ्यौं । उसले कलम, चकलेट बाँड्थ्यो, फोटो खिच्थ्यो । गोराको छेउमा पर्ने र उसँग बोल्ने



> त्यो दिनपनि आकाश थर्काउँदै हेलिकप्टर उडेर आयो । सात दिनपछि गाउँमा दोस्रो पटक हेलिकप्टर आएको थियो । हेलिकप्टरले उसैगरी तीन फन्का लगायो । पहिलाकै मेजरको बारीमा हेलिकप्टर बस्ने निश्चित थियो । मेजरका सन्तानले मकैबारीमा सिधा नजरले हेरेको पनि देख्न सक्दैनथे । तर अघिल्लो पटक हेलिकप्टर बसेर मकैबारी कच्याक कुचुक पार्दा पनि केही भनेनन् । कसैलाई गाली गरेनन् । खै किन हो कुरा बुझ्न सकिएन ।

विशेष किसिमको चाहाना हुन्थ्यो । गोरा आएर गएको हप्तौंसम्म पनि कक्षा कोठामा उसको बारेमा चर्चा परिचर्चा हुन्थ्यो ।

मकैबारीको डिलमा उभिएका गाउँलेहरुले आ-आफ्नो अनुमान लगाए । कसैले भने "गोरा चाहिँ पाइलट होला, अर्को खलासी होला ।"

"हैन त्यो नेपाली जस्तो पनि पाइलट नै होला, त्यसको पनि भुँडी लाएको छ ।"

"कसैले भन्यो हेलिकप्टरको पनि खलासी हुन्छ त !" बालापनका ती जिज्ञासु दिनसम्म रेल, मोटर गाडि प्रत्यक्ष नदेखेका हामी फुच्चेहरुको आफ्नै दुनियाँ थियो ।

हेलिकप्टरबाट झरेर तिनिहरुले गाउँका ठूला-ठालाहरुसँग केही कुरा गरे । गोराले सेतो चिज हातमा लिएर खान थाल्यो ।

"लौ गोराले पाउरोटी खायो ।" कसैले सबैले सुन्नेगरी भन्यो ।

"हो ! यसको भुँडी पाउरोटी खाएर लाएको हो" अर्को अलि जान्ने बाठोले भनेको सुनियो ।

त्यतिबेला भुँडी लाएको, पेट प्याट्ट उठेको मान्छेलाई पोष लाएको सुखी भन्ने मानक थियो । सायद गोरा काठमाडौं अथवा पोखरादेखि हेलिकप्टरमा उडेको थियो । उसले त्यति नै बेला किन पाउरोटी खायो ? कि गाउँलेलाई देखाउन खायो ? कि गोराले घरिघरि खाएको खायै गर्छ ?

मात्रै १०/१५ मिनेटको अवधिमा गोराले खाएको प्रदर्शन गरिसकेको थियो । यदि यस्तो गोरा हाम्रो गाउँमा एकदिन मात्रै बस्ने हो भने अरु के-के गर्दो होला ? यस्तै प्रश्नले घोचिरह्यो । घरमा आमाले भुटेका मकैका ठेला चपाउँदा चपाउँदै वाक्क भएका हामी फुच्चेहरुका लागि पाउरोटी भन्ने ठूलै खाना होला भन्ने लागेको थियो ।

जे भएपनि गाउँमा हेलिकप्टर बसेको थियो । आखिर गाउँमा हेलिकप्टर किन बस्यो ? त्यो पटक केही मेसोमेलो पाइएन । शनिबारको दिन थियो । शनिबार हामीहरु दाउरा काट्न पञ्चासे र चिसापानीको जंगल पुग्थ्यौं । जंगल विनाश भैसकेकोले सुकेको रुखका जरा फुकालेर डोकोभरी बोकेर ल्याउथ्यौं । यसलाई हामी ठुट्टा फुकाल्न जाने भन्थ्यौ । त्यो हाम्रो प्रचलित भाषा थियो ।

तर त्यो शनिवार हामी टाढाको जंगल गएनौ । गाउँ नजिकैको जंगलमा स्याउला काट्न गएका थियौं । एकजना दाइले चिलाउनेको रुखमा चढेर स्याउला खसाल्दै थिए । हामी भुइँमा स्याउला बटुल्दै थियौं ।

त्यो दिनपनि आकाश थर्काउदै हेलिकप्टर उडेर आयो । सात दिनपछि गाउँमा दोस्रो पटक हेलिकप्टर आएको थियो । हेलिकप्टरले उसैगरी तीन फन्का लगायो । पहिलाकै मेजरको बारीमा हेलिकप्टर बस्ने निश्चित थियो । मेजरका सन्तानले मकैबारीमा सिधा नजरले हेरेको पनि देख्न सक्दैनथे । तर अघिल्लो पटक हेलिकप्टर बसेर मकैबारी कच्याक कुचुक पार्दा पनि केही भनेनन् । कसैलाई गाली गरेनन् । खै किन हो कुरा बुझ्न सकिएन । दोस्रो पटक पनि हामी पहिले जसरी नै हुर्रिएर मकैबारीमा पुग्यौं । हामी पुग्दासम्म धन्न हेलिकप्टर उडिदिएन र पेटभरि हेऱ्यौं । दोस्रो पटक हेलिकप्टर अलि लामो समयसम्म बस्यो । चार/पाँच जना छोराछोरी जन्माइसकेका महिला र पुरुषहरुलाई गोराले एकान्तमा लगेर केही सोधेको देखियो । गोराको साथमा नेपाली पनि थियो । उसले दोभाषेको काम गरेको थियो ।

एकछिन कुरा गरिसकेपछि हेलिकप्टर उडेर गयो । भोलिपल्ट हल्दार बुढा, बानिया माहिला, अरु दश/बीस जनाले अब अप्रेसन गर्ने रे ! अर्को महिनाको अन्तिममा भ्यासेक्टोमी अपरेसनको शिविर बस्दै छ रे ! भन्ने गाउँमा हल्ला सुनियो ।

बुढेसकालमा छ्यालब्याल बच्चा जन्माइरहेका बुढाहरु हेलिकप्टरको तारगेटमा परेका रहेछन् । त्यसपछि गाउँमा अनेक किसिमका कुरा सुनिए । कसै कसैले "खसी बन्नु हुँदैन, त्यस्तो मान्छेले दिएको पिण्डपानी पितृलाई चल्दैन" भनेको कुरा पनि सुनियो ।

